# विपद् लेखाजोखा मार्गदर्शन-२०७२

को

## प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA)] खण्ड

(प्रथम संशोधन, २०७८)

संशोधन निर्णय मितिः २०७८।०३।०२

## १. पृष्ठभूमि

विपद् पश्चात प्रभावित क्षेत्रमा मुख्य रुपले के कति क्षति भएको छ ? कस्तो किसिमको तत्कालिन खोज, उद्दार क्षमताको आवश्यकता पर्छ र के कस्ता राहतका कार्यहरु गर्नुपर्छ भनेर स्थलगत रुपमा आँकलन गरी प्रारम्भिक तथ्याङ्कको प्रस्तुतिवाट समग्र प्रतिकार्यमा तुरुन्त सहयोग पुर्याउने कार्य प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) हो । विपद् लेखाजोखा मार्गदर्शन-२०७२ ले विपद् पश्चातको लेखाजोखाको पहिलो चरण अन्तर्गत प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) खण्डलाई समेटेको छ । खास गरी २०७२ को विनाशकारी गोरखा भूकम्प, २०७४ को तराई बाढी, २०७५ को बारा-पर्सा चक्रवात र अन्य केही विपद्का घटनाहरु पश्चात यस मार्गदर्शन अनुसार तत्कालिन गरिएका क्षति आँकलनको प्रारम्भिक प्रयासहरुले केही पाठहरु सिकाएका छन् ।

नेपालको वर्तमान संविधान जारी भए पश्चात परिवर्तित शासकीय प्रणाली अनुरुप विपद् व्यवस्थापनको जिम्मेवारी र दायरा फरक भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् प्रभावितको पहिचान तथा स्तर निर्धारणको जिम्मा स्थानीय विपद् व्यवस्थापन समितिलाई दिएको छ भने तथ्याङ्क संकलन तथा सूचना प्रणालीको विकास र सञ्चालनको व्यवस्था मिलाउने कार्य संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका समितिहरुको जिम्मेवारी तोकेको छ ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५) ले विपद् पूर्वतयारी र विपद्पछिको खोज उद्दार र राहतका कामलाई व्यवस्थित तुल्याउन जिम्मेवारी बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत घटना घटेको २४ घण्टाभित्र विपद् प्रभावितको क्षतिको प्रारम्भिक स्वरुपको द्रुत लेखाजोखा गर्नुपर्ने हुन्छ । जसको नेतृत्व तथा जिम्मेवारी स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटीले गर्नुपर्ने उल्लेख गरिएको छ । त्यसैगरी विपद् पूर्वतयारी तथा प्रतिकार्य मार्गदर्शन, २०६७ (पहिलो संशोधन २०७५) ले जिल्ला स्तरिय योजना तयार गर्दा

योजनाभित्र प्रारम्भिक लेखाजोखाको लागि फाराम र प्रारुप  समेत उल्लेख गरी पूर्वतयारी गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

यसर्थ, उपरोक्त सन्दर्भ तथा समसामयीक सिकाईहरुलाई समावेश गरी स्वतस्फूर्त र सहज तरिकाले तत्कालै द्रुत लेखाजोखा गर्न सकियोस् भन्ने उद्देश्यले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले विपद् लेखाजोखा मार्गदर्शनको प्रारम्भिक द्रुत लेखाजोखा खण्डमा आवश्यक संशोधन गरी देहाय अनुसार कायम गरेको छ ।

## २. प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) को प्रकृयात्मक विवरण

प्रारम्भिक द्रुत लेखाजोखा विपद्को २४ घण्टा भित्र गरिसक्नु पर्नेछ । यसले प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्यांकहरू प्रदान गर्दछ । प्राप्त तथ्याङ्कबाट प्रतिकार्यमा प्राथमिकता दिनुपर्ने विषयगत क्षेत्रको पहिचान गर्न मद्दत पुग्दछ । जुनसुकै खालको विपद्को लागि पनि यो प्रकृया र फाराम प्रयोग गर्न सकिनेछ जस्तैः वाढी, पहिरो, डुवान, आगोलागी, भूकम्प आदि ।  प्रारम्भिक द्रुत लेखाजोखाको प्रक्रियात्मक विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छः

| अवयव | विवरण |
|---|---|
| उद्श्य वा कारण | तत्कालिन अवस्थाको अवलोकन गरी विपद् प्रभावित समुदायको अवस्थाको जानकारी लिई को व्यक्ति किन बढी खतरामा छन् भन्ने कुराको पहिचान गरी जीवन रक्षाको कार्य गर्न । विपद्को वर्तमान अवस्था र निकट भविष्यमा विपद्बाट आउन सक्ने दुष्परिणाम समेत देखाउन । |
| निकाय र टोली | वडाअध्यक्ष वा वडाका प्रतिनिधि, नेपाल प्रहरी र नेपाल रेडक्रसका प्रतिनिधि हुनेछन् । स्थानीयतहका प्रतिनिधिले टोलीको नेतृत्व गर्नेछन् । |
| टोली गठन र समन्वय | स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक वडामा कम्तिमा एक वटा प्रारम्भिक द्रुत लेखाजोखा टोली (IRA Team) अग्रिम गठन गरी सदस्यलाई जानकारी गराउनु पर्नेछ । विपद्का समयमा कुनै सदस्य उपलब्ध हुन नसकेमा वैकल्पिक व्यवस्था स्थानीय तहले मिलाउनु पर्छ । यस कार्यको समन्वय तथा सहजिकरण जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले गर्नेछन् । |
| समय | विपद्को घटना हुनासाथ प्रारम्भिक चरणमा द्रुत लेखाजोखा गरिन्छ । सामान्यतया विपद्को घटना थाहा पाउनासाथ शुरु गरी सम्पूर्ण प्रकृयाहरू २४ घण्टाभित्र गरिसक्नु पर्नेछ । विपद् पूर्वसूचना प्रणालीलाई आधार मानेर विपद्को संभावनालाई बुझेर टोलीले अग्रिम तयारी गर्नु उपयुक्त हुनेछ । |

| | |
|---|---|
| विधि | व्यक्तिगत तथा समूह अन्तर्वार्ता, विपद प्रभावित क्षेत्रको अवलोकन र प्रमुख जानकारसँगको अन्तर्वार्ता, द्वितीय श्रोत समेत प्रयोग गरी विश्लेषण गर्न सकिन्छ। |
| सन्दर्भ | एउटा वडा र एउटा घटनाको लागि एउटा फाराम भर्नुपर्ने हुन्छ । सबै सन्दर्भ तथा सबै स्थान वा क्षेत्रहरुमा गर्नु पर्दछ । तर प्रारम्भिक द्रुत लेखाजोखा प्रश्नावली समय सापेक्ष अनुभव एवं सिकाईका आधारमा परिमार्जन गर्न सकिने छ । |
| क्षेत्र | सामान्यतया १० घरपरिवार र बढी प्रभावित भएको स्थानमा यो लेखाजोखा गर्नुपर्नेछ । सो भन्दा कम प्रभाव क्षेत्रमा पनि द्रुत लेखाजोखा गर्न सकिन्छ । |
| व्यवस्थापकीय जिम्मेवारी | प्रारम्भिक व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुनेछ । विपद्को प्रकृति र प्रभाव अनुसार स्थानीय तहलाई प्रदेश तथा संघीय निकायहरुले सहयोग गर्नेछन् । यस कार्यको व्यवस्थापन सहायक संस्थाको रुपमा नेपाल रेडक्रस सोसाइटी वा अन्य संस्थाहरुले कार्य गर्न सक्नेछन् । |
| तथ्याङ्क संप्रेशण | तथ्याङ्क सङ्कलनलाई प्रभावकारी द्रुत वनाउन सम्भव भएसम्म मोवाइल अप्लिकेसन वा नवीन प्रविधिहरु प्रयोग गरी संकलित तथ्याङ्क स्वतः रुपमा आपतकालिन कार्यसञ्चालन केन्द्रहरु, सम्बन्धित निकाय तथा पदाधिकारीहरुले सूचना पाउन मिल्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>प्रारम्भिक द्रुत लेखाजोखा टोलीले म्यान्वल तरिकाले विवरण संकलन गरेकोमा फाराममा सहि गरी स्थानीय तहमा तथा सम्बन्धित निकायमा वुझाउनु पर्नेछ । स्थानीय तह वा स्थानीय विपद् व्यवस्थापन समितले तथ्याङ्क अनुसार प्रतिकार्यलाई द्रुत वनाउनुका साथै आवश्यकता अनुसार सहकार्य गर्नुपर्छ । जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायहरुले टोलीवाट सोझै सूचना लिई परिचालित हुन सक्नेछन् ।<br>सूचना सार्वजनिक गर्दा एकरुपता र सूचनाको प्रभावलाई ध्यानमा राखेर सूचना अधिकारी वा जिम्मेवार पदाधिकारीले मात्र सार्वजनिक गर्नुपर्नेछ । कानून वमोजिम गोप्य राख्नुपर्ने सूचनाहरु सार्वजनिक गर्नु हुँदैन । |

यो लेखाजोखा सम्बन्धी प्रश्नावली अनुसूची १ बमोजिमको हुनेछ ।

## ३. जिल्लास्तरमा लेखाजोखा समन्वय टोली- Assessment Coordination Team(ACT) को गठन र समन्वय

विपद्का घटनाले बहुपालिका वा ठूलो क्षेत्र प्रभावित भएमा विपद् पश्चातको लेखाजोखाको कार्यमा मार्गदर्शन, समन्वय र एकरुपताका लागि जिल्ला स्तरमा लेखाजोखा समन्वय टोली ACT गठन गर्नुपर्नेछ । उक्त समन्वय टोलीसँग स्थानीय लेखजोखा टोलीले समन्वय गर्नु पर्नेछ ।

जिल्ला  समन्वय टोलीमा निम्न सदस्यहरु हुनेछन्-

१. प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत

२. लेखाजोखा समन्वय सम्बन्धी तालिम प्राप्त व्यक्ति वा पदाधिकारी

जिल्लामा तालिम प्राप्त व्यक्ति वा पदाधिकारी कोही पनि नभएमा  प्रमुख जिल्ला अधिकारीले माथिल्लो निकायसँग समन्वय गरी अन्यत्रवाट काजमा खटाइदिन अनुरोध गर्नु पर्नेछ । तालिम प्राप्त जनशक्तिको विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अध्यावधिक गर्नु गराउनु पर्नेछ ।

## ४. फाराममा प्रयोग हुने मुख्य शव्दावली र प्रयोग

प्रारम्भिक द्रुत लेखाजोखा कार्यका लागि प्रयोग हुने फारमामा रहेका निम्न शब्दावलीलाई निम्न अनुसार वुझी विवरण भर्नुपर्नेछः

मृतक संख्या: नेपाल प्रहरीसँग समन्वय गरी पुष्टी भए अनुसारको संख्या ।

बेपत्ता संख्याः विपद् स्थलवाट विपद् पश्चात सम्पर्कमा नआएका वा हराइरहेका व्यक्तिहरु ।

अन्यः फारामको लिङ्ग जनाउने ठाउँमा अन्य भन्ने शव्दले तेस्रो लिङ्गीलाई जनाउँछ ।

प्रभावितः प्रारम्भिक द्रुत लेखाजोखा कार्यका लागि प्रभावित परिवार भन्नाले विपद्ले कसैको जीउज्यानमा क्षति पुगेको वा धन सम्पति प्रत्यक्ष रुपमा क्षति पुर्याई प्रत्यक्ष प्रभावित ब्यक्ति वा घरपरिवारलाई जनाउँछ ।

विस्थापितः विपद्को कारणले भौतिक वा मानसिक रुपमा असर गरी साविकको बसोवास स्थानवाट अन्यत्र बसोवास गर्न बाध्य भएका ब्यक्ति तथा परिवारहरु भन्ने वुझ्नुपर्छ ।

आंशिक क्षतिः प्रभावितको घर तथा धन सम्पत्तिमा आंशिक रुपमा क्षति भई मर्मत सुधार गरी सोही स्थानमा बसोवास गर्न सक्ने घर परिवारहरु ।

पूर्ण क्षतिः विपद्को कारणले भौतिक रुपमा घर तथा सम्पत्तिहरु पूर्णरुपमा क्षति भई आफ्नो घरमा बस्न नसक्ने अवस्थामा रहेका घरपरिवारहरु ।

थप टिप्पणी (Additional Observations): तथ्याङ्क फारामले समेट्न नसकेको तर प्रतिकार्य सञ्चालनमा महत्वपूर्ण हुन सक्ने थप सूचनाहरु ।

## ५. प्रारम्भिक द्रुत लेखाजोखा सम्बन्धी कार्य गर्दा ध्यान दिनुपर्ने कुराहरु

१) लेखाजोखा गर्ने टोलीहरुको गठन गरी नामावली तयार गरी अध्यावधिक गर्ने कार्य पूर्वतयारीको रुपमा गर्नुपर्छ । यसरी वडा वा वस्तीस्तरमा गठन भएका टोलीहरुको पालिका स्तरीय नामावली जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउनुका साथै आफ्नो वेबसाइटमा पनि राख्नुपर्छ ।

२) एउटा घटना वा एउटा वडाको लागि एउटा लेखाजोखा फारामको प्रयोग गर्नुपर्छ ।

३) टोलीले प्राप्त गरेको सूचनामा द्विविधा भएमा टोलीले छलफल गरी भरसक यथार्थ हुने गरी विवरण अनुमान गर्नुपर्छ ।

४) टोलीले अनावश्यक र असम्बन्धित क्षेत्रको विवरण भर्नु हुँदैन ।

५) टोलीले मानवता, निष्पक्षता, तटस्थता र पारदर्शिताका सिद्धान्तमा रहेर कार्य गर्नुपर्छ ।

६) फाराममा उल्लेखित विकल्प बाहेक अन्य कुरा भर्नुपर्ने भए टोलीले भर्न सक्नेछ ।

## ६. नवीन प्रविधि प्रयोग सम्वन्धी व्यवस्था

अनुसूची-१ वमोजिमको विवरण संकलनको लागि मोवाइल अप्लिकेसन लगायतका नवीन प्रविधिहरु प्रयोग गर्न सकिनेछ । यस्तो प्रविधिको विकास र प्रयोगमा स्थानीय, प्रदेश तथा संघीय स्तरवाट श्रोत र साधनको दोहोरो भार नहुने गरी एकीकृत प्रणाली विकास गर्न जोड दिनुपर्नेछ ।

## ७. समन्वय तथा सहजिकरणः

प्रारम्भिक द्रुत लेखाजोखा मार्गदर्शनको सामान्य त्रुटी सुधार लगायत कार्यान्वयनको राष्ट्रिय स्तरवाट समन्वय, सहजिकरण तथा सहकार्यको कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरणले गर्नेछ ।

**अनुसूची- १**

प्रारम्भिक द्रुत लेखाजोखा फाराम

# Initial Rapid Assessment Form (IRA)

**विपद् लेखाजोखा मार्गदर्शन, २०७२ (प्रथम संशोधन, २०७८) सँग सम्बन्धित**

## १. घटनास्थलको जानकारी

| | | |
|---|---|---|
| प्रदेशको नाम : | जिल्लाको नाम : | गाउँ/नगरपालिकाको नाम : |
| वडा नम्बर : | टोल : | सूचना संकलन मिति (गते/महिना/साल): |

## २. घटनास्थलको वस्तुस्थिति

| विपद्को प्रकार | घटना घटेको मिति (गते/महिना/साल) | घटना घटेको समय (घण्टा/मिनेट) |
|---|---|---|
| | | |

| | |
|---|---|
| मौसमको वर्तमान अवस्था कस्तो छ ? | ☐ सामान्य ☐ प्रतिकुल |
| जिल्ला सदरमुकामबाट अनुमानित दुरी (किमि) | पालीका सदरमुकामबाट अनुमानित दुरी (किमि) |

| मृतकसंख्या | बेपत्तासंख्या | घाइते संख्या | जम्मा प्रभावित (अनुमानित घरधुरी संख्या) : | जम्मा विस्थापित ( अनुमानित घरधुरी संख्या) : |
|---|---|---|---|---|
| महिला : | महिला : | महिला : | | |
| पुरुष : | पुरुष : | पुरुष : | | |
| वालवालिका : | वालवालिका : | वालवालिका : | | |
| अन्य : | अन्य : | अन्य : | | |
| **जम्मा :** | **जम्मा :** | **जम्मा :** | | |

| | | |
|---|---|---|
| खोज तथा उद्धारको अवस्था | ☐ भइरहेको ☐ उद्धार संख्या<br>☐ नभएको | |
| विस्थापितहरु हाल बसिरहेको ठाँउ/संरचना | ☐ मानवीय सहायतास्थलः संख्या<br>☐ सामुदायिक खुलास्थानः संख्या<br>☐ विद्यालयः संख्या ...........<br>☐ सार्वजनिक भवन संख्या ...........<br>☐ सडक छेउ वा सडक माथि संख्या ...........<br>☐ वन क्षेत्रः संख्या ...........<br>☐ आफन्त/छिमेकीः संख्या ....☐ अन्य (उल्लेख गर्ने) संख्या ........... | |

| | | | | |
|---|---|---|---|---|
| अहिले प्रभावित स्थानसम्म आवत-जावतको अवस्था | ☐ ठिक छ<br>☐ कठिन छ<br>☐ वन्द छ | सामान्य अवस्थामा यातायात सेवाको पहुँच<br>☐ छ<br>☐ छैन | सवारी साधन/यातायात सेवा | ☐ अवरुद्ध भएको<br>☐ अवरुद्ध नभएको |
| नजिकै चालु हेलीप्याडको अवस्था<br>☐ चालु<br>☐ अवरुद्ध<br>☐ छैन | | | | |

| | |
|---|---|
| संचार सेवा | ☐ अवरुद्ध भएको<br>☐ अवरुद्ध नभएको |
| विधुत सेवा उपलब्ध | ☐ अवरुद्ध भएको<br>☐ अवरुद्ध नभएको |
| प्रभावित परिवारको संचित खाद्य सामग्री | ☐ क्षति भएको (घरधुरी संख्या .........)<br>☐ क्षति नभएको (घरधुरी संख्या .........) |

| | |
|---|---|
| स्वास्थ्य सेवा | ☐ सञ्चालनमा भएको (संख्या .......)<br>☐ सञ्चालनमा नभएको (संख्या......)<br>तत्काल उपचारका लागि स्थानान्तरण गर्नुपर्ने भएमा, संख्याः ..... |
| सञ्चालित स्वास्थ्य सेवाकोलागि आवश्यक औषधी | ☐ उपलव्ध छ<br>☐ उपलव्ध छैन |
| बिद्यालय | ☐ सञ्चालनमा भएको (संख्या)<br>☐ सञ्चालनमा नभएको (संख्या)<br>प्रभावित विद्यार्थीहरुको संख्या ............... |
| खानेपानीको आपूर्ती | ☐ सुचारु (पर्याप्त) (संख्याः ...)<br>☐ अपरियार्प्त (संख्याः ...)<br>प्रभावित धरधुरी संख्याः ... |
| भौतिक संरचना | |
| निजी घर | ☐ पूर्ण क्षति (संख्या ...........)<br>☐ आशिंक क्षति (संख्या ...........) |
| सरकारी कार्यालय / भवन | ☐ पूर्ण क्षति (संख्या ...........)<br>☐ आशिंक क्षति (संख्या ...........) |

| | |
|---|---|
| सामुदायिक भवन | ☐ पूर्ण क्षति (संख्या ...........)<br>☐ आशिंक क्षति (संख्या ...........) |
| कृषि बालीको क्षति | ☐ क्षति (अनुमानित क्षेत्रफल ........... (विघा / रोपनी |
| पशु चौपाया क्षति | ☐ (अनुमानित संख्या........... ) |
| पंक्षी क्षति | ☐ (अनुमानित संख्या........... ) |
| अन्य क्षति | ☐ पूर्ण क्षति (संख्या ...........)<br>☐ आशिंक क्षति (संख्या ...........) |

| | |
|---|---|
| फोहोर मैला व्यवस्थापनको अवस्था कस्तो छ ? | ☐ सामान्य छ<br>☐ महामारीको संभावना छ |
| शौचालयको व्यवस्था छ ? | ☐ सामान्य<br>☐ थप व्यवस्था गर्नुपर्छ (घरधुरी संख्या ......) |

| | |
|---|---|
| विशेष आवश्यकता **(Special Requrement)** भएका प्रभावितहरुको अनुमानित संख्या | |
| गभर्वती तथा सुत्केरी महिलाहरुको लागि आवश्यक सामग्रीहरु (मर्यादा सामग्री (Dignity kit) | ☐ आवश्यक भएको ☐ आवश्यक |

| | |
|---|---|
| अन्य सेवा आवश्यक................................... | नभएको<br><br>आवश्यक भए अनुमानित संख्या............. |
| ५ वर्षसम्मका बालबालिकाको लागि आवश्यक पौष्टिक आहारा तथा सामग्रीहरु | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| ५ वर्ष भन्दा माथिका बालबालिकाको लागि आवश्यक सामग्रीहरु - (जस्तै शैक्षिक तथा वालमैत्री स्थल (Child friendly space) | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| ज्येष्ठ नागरिकहरुका लागि आवश्यक सहयोग | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| अपांगता भएकाहरुका लागि आवश्यक सहयोग | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| असहाय/अशक्त विरामीको संख्याः<br>.......................... | |

## ३. हालसम्म भएको राहत वितरणको अवस्था

| | |
|---|---|
| राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नाम : | |
| राहत वितरण गरिएका सामग्रीहरुको नाम र परिमाण (पाल, त्रिपाल, चामल, कपडा, भाडाकुडा आदि) | |
| नगद/राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नाम : | |
| राहत (नगद/राहत सामग्री) पाउने परिवार संख्या : | |
| राहत (नगद/राहत सामग्री) नपाएका प्रभावित परिवार संख्या : | |

## ४. तत्काल गर्नुपर्ने

| | | |
|---|---|---|
| स्थानान्तरण गर्न | ☐ आवश्यक पर्ने संख्या ..........<br>☐ आवश्यक नपर्ने | |
| खाद्य तथा गैरखाद्य सामाग्री | ☐ परिवार (Family) टेन्ट परिवार संख्या...... | ☐ खाद्यान्न (दाल, चामल, नून, तेल) |

| | | |
|---|---|---|
| | ☐ त्रिपाल संख्या.....<br>☐ गुन्द्री (म्याट्रेस) संख्या........<br>☐ **P-Foam - संख्या........**<br>☐ कम्वल संख्या....<br>☐ कपडा संख्या.....<br>☐ भाडाकुँडा संख्या......<br>☐ **Hygiene Kit** (संख्या............)<br>☐ चर्पी (संख्या............) | परिमाण...............कति जना<br>☐ तयारी खाना (दालमोठ, चिउरा, भुजा, चाउचाउ, विस्कुट) कतिजना ....<br>☐ पिउने पानी............<br>☐ अन्य.............. |

| | |
|---|---|
| प्रभावित क्षेत्रमा कुनै अवाञ्छित गतिविधि | ☐ भएको<br>☐ नभएको<br>☐ भए प्रभावित व्यक्तिको अनुमानित संख्या |
| लैङ्गिक हिंसा, यौन हिंसा | ☐ भएको<br>☐ नभएको<br>☐ भए प्रभावित व्यक्तिको अनुमानित संख्या |
| चोरी, लुटपाट) | ☐ भएको<br>☐ नभएको |

| | |
|---|---|
| | ☐ भए प्रभावित व्यक्तिको अनुमानित संख्या |
| राहतकालागि नगद सहयोग गर्न उपयुक्त अवस्था | ☐ छ<br>☐ छैन |
| राहतका लागि नगद सहयोग गर्न उपयुक्त अवस्था | ☐ छ<br>☐ छैन |

## ५.सूचना संकलकहरुको विवरण

| क.सं. | नाम, थर : | पद /संस्था : | सम्पर्क नम्बर : | सूचना संकलन गरेको समयावधि ( मिति र समय) | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | टोली प्रमुख | | | | |
| २. | सदस्य | | | | |
| ३. | सदस्य | | | | |

टोलीको थप टिप्पणी (Additional Observations):

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

।।धन्यवाद ।।